# सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक

सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम, प्रारम्भ र विस्तारः (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान (पहिलो संशोधन) ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिदेखि सुदूरपश्चिम प्रदेशभर लागु हुनेछ।

२. सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ को दफा २ मा संशोधनः सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छः-

"(ज) "पदाधिकारी" भन्नाले कुलपति, सहकुलपति, उपकुलपति र सभाका मनोनीत सदस्य सम्झनु पर्छ।"

(२) खण्ड (ञ) मा रहेको "नियम" भन्ने शब्दको सट्टा "विनियम" भन्ने शब्द राखिएको छ।

३. मूल ऐनको दफा ७ मा संशोधनः मूल ऐनको दफा ७ को,-

(१) उपदफा (२) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) प्रदेशका भाषा, साहित्य, कला, संस्कृति, दर्शन तथा समाजशास्त्रको क्षेत्रमा योगदान पुर्‍याएका विशिष्ट व्यक्तिहरू मध्येबाट भौगोलिक र समानुपातिक समावेशितालाई ध्यानमा राखी प्रत्येक विधाबाट कम्तीमा दुई जनाको प्रतिनिधित्व हुने गरी दफा ८ बमोजिमको कार्यदलको सिफारिसमा कुलपतिले मनोनीत गरेका अठार जना - सदस्य"

(२) उपदफा (५) र (६) को सट्टा देहायका उपदफा (५), (६) र (७) राखिएका छन्ः-

"(५) सभाका सदस्यको योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक,

(ख) कम्तीमा पैंतीस वर्ष उमेर पूरा भएको,

(ग) सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको,

(घ) मनोनीत हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नभएको,

(ङ) फौजदारी अभियोगमा सजाय नपाएको,

(च) दामासाहीमा नपरेको,

(छ) उच्च नैतिक चरित्र भएको ।

(६) सभाको बैठकमा उपस्थित भई भाग लिए बापत सभाका सदस्यहरूलाई प्रचलित कानुन बमोजिम बैठक भत्ता उपलब्ध गराइनेछ ।

(७) सभाको बैठकमा भाग लिन आउने उपदफा (२) को खण्ड (ङ) बमोजिमका मनोनीत सदस्यलाई प्रचलित कानुन बमोजिम प्रदेश सरकारको दशौं तहको अधिकृत कर्मचारीले पाए सरहको दैनिक भ्रमण भत्ता उपलब्ध गराइनेछ।"

४. <u>मूल ऐनको दफा ९ मा संशोधनः</u> मूल ऐनको दफा ९ को खण्ड (छ) मा रहेको "नियम" भन्ने शब्दको सट्टा "विनियम, कार्यविधि र मापदण्ड" भन्ने शब्दहरू राखिएका छन् ।

५. <u>मूल ऐनको दफा ११ मा संशोधनः</u> मूल ऐनको दफा ११ को,-

(१)उपदफा (२) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) सभाका मनोनीत सदस्यहरु मध्येबाट समानुपातिक समावेशितालाई ध्यानमा राखी कम्तीमा एकजना महिला सहित कुलपतिबाट मनोनीत तीन जना - सदस्य"

(२) उपदफा (३), (४) र (५) को सट्टा देहायको उपदफा (३), (४), (५), (६) र ७ राखिएका छन्ः-

"(३) उपदफा (२) को खण्ड (ङ) बमोजिमका मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(४) कुनै कारणले उपदफा (२) को खण्ड (ङ) बमोजिमका मनोनीत सदस्यको पद रिक्त भएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन सिद्धान्त बमोजिम मनोनीत भएको हो सोही सिद्धान्त बमोजिम अर्को व्यक्तिलाई मनोनीत गर्नु पर्नेछ।

(५) परिषद्को बैठकमा उपस्थित भई भाग लिए वापत परिषद्का सदस्यहरूलाई प्रचलित कानुन बमोजिम बैठक भत्ता उपलब्ध गराइनेछ ।

(६) परिषद्को बैठकमा भाग लिन आउने उपदफा (२) को खण्ड (ङ) बमोजिमका मनोनीत सदस्यलाई प्रचलित कानुन बमोजिम प्रदेश सरकारको दशौं तहको अधिकृत कर्मचारीले पाए सरहको दैनिक भ्रमण भत्ता उपलब्ध गराइनेछ।

(७) उपदफा (६) बमोजिमका सदस्यलाई प्रदान गरिने अन्य सुविधा आर्थिक मामिला मन्त्रालयको सहमतिमा परिषद्ले तोके बमोजिम हुनेछ ।"

६. <u>मूल ऐनको दफा १२ मा संशोधनः</u> मूल ऐनको दफा १२ को खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः-

"(झ) परिषद्को काम कारवाहीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यकता अनुसार समिति वा उपसमिति गठन गर्ने।"

७. <u>मूल ऐनको दफा १६ मा संशोधनः</u> मूल ऐनको दफा १६ को उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-

"(६) उपकुलपतिको सिफारिस सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।"

८. मूल ऐनको दफा २० मा संशोधनः मूल ऐनको दफा २० को सट्टा देहायको दफा २० राखिएको छः-

"२०. उपकुलपतिको पारिश्रमिक र सुविधा सम्बन्धी व्यवस्थाः उपकुलपतिको पारिश्रमिक र सुविधा अनुसूची-१ बमोजिम हुनेछ।

९. मूल ऐनको दफा २१ मा संशोधनः मूल ऐनको दफा २१ को सट्टा देहायको दफा २१ राखिएको छः-

"२१. पद रिक्त हुने अवस्थाः देहायको अवस्थामा उपकुलपति र सभाका सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) पदावधि समाप्त भएमा,

(ख) लिखित राजीनामा दिएमा,

(ग) फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(घ) दफा २२ बमोजिम पदबाट हटेमा,

(ङ) कालोसूचीमा परेमा,

(च) मृत्यु भएमा ।"

१०. मूल ऐनको दफा २२ मा संशोधनः मूल ऐनको दफा २२ को सट्टा देहायको दफा २२ राखिएको छः-

"२२. पदबाट हटाउन सक्नेः (१) उपकुलपति वा सभाका सदस्यलाई देहायको अवस्थामा पदबाट हटाउन सकिनेछः-

(क) आफ्नो पद अनुकूलको आचरण पालना नगरेको,

(ख) इमान्दारीपूर्वक आफ्नो कार्य जिम्मेवारी पूरा नगरेको,

(ग) कार्यक्षमताको अभाव भएको ।

(२) उपदफा (१) बमोजिम पदबाट हटाउनु पर्ने अवस्था देखिएमा सभाका तत्काल कायम रहेका एक चौथाइ सदस्यले कुलपति समक्ष लिखित निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर छानबिन गर्न कुलपतिले सभाका सदस्यहरू मध्येबाट तीन सदस्यीय छानबिन समिति गठन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम गठित समितिले छानबिन गरी कुलपति समक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त प्रतिवेदन उपर छलफल गरी सभामा तत्काल कायम रहेका सदस्यको बहुमतले पदबाट हटाउने निर्णय गर्नेछ ।

(६) उपदफा (५) बमोजिम पदबाट हटाउनु अघि निजलाई सफाइको मौका दिनु पर्नेछ।"

११. मूल ऐनको दफा २३ मा संशोधनः मूल ऐनको दफा २३ को सट्टा देहायको दफा २३ राखिएको छः-

"२३. कर्मचारी सम्बन्धी व्यवस्थाः (१) प्रतिष्ठानमा प्रदेश सरकारबाट स्वीकृत संगठन संरचना र दरबन्दी बमोजिमका कर्मचारी रहनेछन्।

(२) उपदफा (१) बमोजिमका कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउनेछ।"

१२. मूल ऐनको दफा २४ मा संशोधनः मूल ऐनको दफा २४ को उपदफा (४) र (५) को सट्टा देहायका उपदफा (४) र (५) राखिएका छन्ः-

"(४) कोषको रकम प्रतिष्ठानले तोकेको 'क' वर्गको वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(५) प्रतिष्ठानको खाता सञ्चालन सचिव र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।"

१३. मूल ऐनको दफा २६ मा संशोधनः मूल ऐनको दफा २६ को उपदफा (४) झिकिएको छ ।

१४. मूल ऐनको दफा २७ मा संशोधनः मूल ऐनको दफा २७ मा रहेका "योगदान पुरयाउने व्यक्ति" भन्ने शब्दहरू पछि "वा संस्था" भन्ने शब्दहरू थपिएका छन् ।

१५. मूल ऐनको दफा २९ मा संशोधनः मूल ऐनको दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छः-

"२९. शपथः आफ्नो कार्यभार सम्हाल्नु अघि उपकुलपति र सभाका सदस्यले कुलपतिसमक्ष र सचिवले सहकुलपतिसमक्ष अनुसूची-२ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।"

१६. मूल ऐनको दफा ३० मा संशोधनः मूल ऐनको दफा ३० को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको विनियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार सहकुलपति वा उपकुलपति वा सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।"

१७. मूल ऐनको दफा ३३ मा संशोधनः मूल ऐनको दफा ३३ को सट्टा देहायको दफा ३३ राखिएको छः-

"३३. विनियम, कार्यविधि र मापदण्ड बनाउन सक्नेः (१) यो ऐन कार्यान्वयन गर्न प्रतिष्ठानले आवश्यक विनियमहरू बनाउन सक्नेछ ।

तर आर्थिक व्ययभार पर्ने कुराहरूको सम्बन्धमा मन्त्रालयमार्फत आर्थिक मामिला मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको विनियमको अधीनमा रही प्रतिष्ठानले आवश्यकता अनुसार कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

तर आर्थिक व्ययभार पर्ने कुराहरूको सम्बन्धमा मन्त्रालयमार्फत आर्थिक मामिला मन्त्रालयको सहमति लिनु पर्नेछ ।"

१९. रुपान्तरः मूल ऐनको दफा ७ को उपदफा (२) को खण्ड (घ), दफा ८ को उपदफा (१) को खण्ड (ग), दफा ११ को उपदफा (२) को खण्ड (घ), दफा १६ को उपदफा (२) को खण्ड (ग), दफा २८ र दफा ३२ मा रहेका "सामाजिक विकास मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "मन्त्रालय" भन्ने शब्द राखिएको छ ।

अनुसूची-१

(दफा २० सँग सम्बन्धित)

<u>उपकुलपतिको पारिश्रमिक तथा सुविधा</u>

| क्र.सं. | पारिश्रमिक तथा सुविधा | इकाई | दर |
|---|---|---|---|
| १ | पारिश्रमिक | प्रति महिना रु. | प्रदेश सरकारको ११ औं तहको कर्मचारीले पाउने सुरु तलब स्केल बराबर |
| २ | सवारी साधन | थान | चारपांग्रे गाडी -१ |
| ३ | सवारी इन्धन | प्रति महिना | ७० लिटर |
| ४ | मोबिल | त्रैमासिक | ५ लिटर |
| ५ | लुगा भत्ता | वार्षिक रु. | १०,०००।- |
| ६ | चाडपर्व खर्च | वार्षिक रु. | एक महिनाको पारिश्रमिक बराबरको रकम |
| ७ | दैनिक भ्रमण भत्ता | प्रतिदिन रु. | २,०००।- |
| ८ | विदेश भ्रमण भत्ता | प्रति दिन | प्रचलित कानुन बमोजिम |
| ९ | विदा | - | प्रदेश निजामती कर्मचारी सरह |

अनुसूची-२

(दफा २९ सँग सम्बन्धित)

<u>पद तथा गोपनीयताको शपथको ढाँचा</u>

म ............................................. नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफदार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दै <u>ईश्वरको/देश र जनताको</u> नाममा शपथ लिन्छु कि..........................पदको जिम्मेवारी प्रचलित कानूनको पालना गरी मुलुक र जनताको भलो चिताई कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारीकासाथ वहन गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।

दस्तखतः .........................

नाम र थर: ...................

पद: ............................

मिति: ........................